घ्याङलेख गाउँ कार्यपालिकाको कार्यालय
हायुटार, सिन्धुली
बागमती प्रदेश, नेपाल



आज मिति २०७९ साल असार ०९ गते बिहीबारका दिन घ्याङलेख गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री जगत बहादुर भोलनज्यूको अध्यक्षतामा बसी निम्न उपस्थितिमा निम्नानुसारका निर्णय गरियो ।

## उपस्थिति

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जगत बहादुर भोलन | अध्यक्ष | |
| २ | श्री शंकरमान घलान | उपाध्यक्ष | |
| ३ | श्री सोम बहादुर भोलन | सदस्य | |
| ४ | श्री रोशन कुमार भ्लोन | सदस्य | |
| ५ | श्री निश्चल सुनुवार | सदस्य | |
| ६ | श्री अमृत वाईवा | सदस्य | |
| ७ | श्री ज्ञान बहादुर सिजाली मगर | सदस्य | |
| ८ | श्री गंगा माया कामी | सदस्य | |
| ९ | श्री सान्नानी नेपाली | सदस्य | |
| १० | श्री निम बहादुर थामी | सदस्य | |
| ११ | श्री साल माया लो | सदस्य | |
| १२ | श्री रमा कुमार त्याङ्मी | सदस्य | |
| १३ | श्री मिठु कुमारी विश्वकर्मा | सदस्य | |
| १४ | श्री राजेन्द्र कार्की | प्रमुख प्रशासकीय अधिकृत (सदस्य सचिव) | |

अन्य उपस्थिति :

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुरेश कुमार अधिकारी | लेखा अधिकृत (सातौं) | |
| २ | सुदिप थापा | सूचना प्रविधि सहायक | |
| ३ | भरतजंग थापा | सहायक स्तर पाँचौं | |
| ४ | | | |

## घ्याङलेख गाउँपालिका
## गाउँ कार्यपालिकाको बैठकको
### प्रस्ताव तथा निर्णयहरु
### मिति २०७९ साल असार ०९ गते बिहिबार
### बैठकका प्रस्तावहरु

१। अघिल्ला कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।
२। आ.व. ०७९/०८० को बजेट, निति तथा कार्यक्रम सम्बन्धमा ।
३। विनियोजन ऐन सम्बन्धमा ।
४। आर्थिक ऐन सम्बन्धमा ।
५। विविध सम्बन्धमा ।

### निर्णयहरु :

**निर्णय नं. १ :**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अघि गाँउपालिकाबाट भए गरेका निर्णयहरुको समिक्षा गरियो । चालु आव मा संचालन भएका योजना कार्यक्रमहरुलाई यथाशिघ्र सम्पादन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :**

प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व. २०७९।८० को लागि गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षज्यूबाट तयार गरिएको निति तथा कार्यक्रमलाई समेटिने गरि तयार गरिएको अनुमानित आय व्यय (बजेट) सम्मानित एघारौं गाउँसभामा स्वीकृतिकालागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिकाको आ.व. २०७९।८० को अनुमानित आयलाई विभिन्न शिर्षकहरुमा विनियोजन गर्न बनेको विनियोजन विधेयक, २०७९ स्वीकृतिको लागि गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गाउँपालिकाको आ.व. २०७९।८० मा हुन सक्ने सम्भावित आम्दानिका स्रोतहरुलाई व्यवस्थीत गरि राजश्व वृद्धि गर्नका लागि तयार गरिएको आर्थिक विधेयक, २०७९ स्वीकृतिको लागि गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ : विविध सम्बन्धमा छलफल गर्दा :-**

क) विविध क माथि छलफल गर्दा संघीय तथा प्रदेश सरकारबाट यस गाउँपालिकाको वडा नं. २, ३ र ५ मा आ.व. ०७९।८० को लागि विभिन्न योजनाहरुमा दोहोरो रकम विनियोजन भएको हुँदा उक्त योजनाहरुलाई स्थलगत निरिक्षण तथा स्थानीय उपभोक्ताहरुको रोहवरमा फेरवदल गर्ने

उक्त योजनाहरुलाई स्थलगत निरिक्षण तथा स्थानीय उपभोक्ताहरुको रोहवरमा फेरवदल गर्ने उद्देश्यका साथ तपसिलमा उल्लेखित गाउँपालिका स्तरीय सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| संयोजक | श्री शंकरमान घलान (गा.पा. उपाध्यक्ष) |
| सदस्य | श्री सम्बन्धित वडाका अध्यक्ष |
| सदस्य सचिव | श्री भरजंग थापा (सहायक स्तर पाँचौ) |

ख) विविध ख माथि छलफल गर्दा वडास्तरमा भएका सबै विषयगत समस्याहरुको अध्ययन गरी के के गर्दा समस्या समाधान हुन्छ ? भन्ने वैकल्पिक उपाय सहित विस्तृत विवरण तयार गर्न वडा सभा तथा वडा समितिको बैठकबाट निर्णय गरि आगामि कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

ग) विविध ग माथि छलफल गर्दा व्याक्होलोडर परिचालन गर्दा तोकिएको निवेदन ढाँचामा निवेदन (आकस्मिक अवस्थामा बाहेक) दिइ प्राप्त निर्देशानुसार मात्र गर्ने र परिचालन गर्दा खेरि गाउँपालिका उपाध्यक्षको समन्वय र निर्देशनमा गाउँपालिकाको तर्फबाट स्टोर किपर र राजश्व शाखाको कर्मचारीले संयोजन गर्ने निर्णय गरियो ।

घ) विविध घ माथि छलफल गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निति अनुसार यस गाउँपालिकामा स्थापना हुने दस शैयाको आधारभुत अस्पताल निर्माणको लागि आवश्य पर्ने ८ रोपनि जग्गा मध्ये यस गाउँपालिकाको नाममा ४ रोपनि जग्गा रहेको र सोहि कित्ता सँगै रहेको ऐलानि पर्ति जग्गा ४ रोपनि अस्पताल निर्माणको लागि नियमानुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई सहमति दिन जिल्ला प्रशासन कार्यालय सिन्धुली, डिविजन कार्यालय मरिण, नापि कार्यालय सिन्धुली र मालपोत कार्यालय सिन्धुलीलाई अनुरोध गर्ने निर्णय गरियो ।

ङ विविध ङ माथि छलफल गर्दा आगामि आर्थिक वर्षमा यस गाउँपालिका भित्र रहेको अमले स्वास्थ्य चौकि र वस्तिपुर स्वास्थ्य चौकिमा नयाँ भवन निर्माण गर्ने व्यवस्था मिलाईदिन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।